# वीरहरू निबन्धमा पौरस्त्य दर्शन

**बालकृष्ण शर्मा**
Lecturer of Nepali, Saraswati Multiple Campus, Tribhuvan University
email : balkrish34@gmail.com

**लेखसार**

*प्रस्तुत आलेख पौरस्त्य दर्शनको प्रभावका दृष्टिले वीरहरू निबन्ध शीर्षकमा केन्द्रित भई तयार पारिएको छ । यस आलेखमा पूर्वीय दर्शनमा स्थापित षड्दर्शनका मूलभूत मान्यताहरूको 'वीरहरू' निबन्धमा परेको प्रभाव र त्यसले प्राप्त गरेको सौन्दर्यात्मक स्वरूपको अध्ययन गरिएको छ । यसमा 'वीरहरू' निबन्धबाट आवश्यक साक्ष्यहरू लिई तिनका आधारमा पूर्वीय दर्शनको प्रभावलाई विश्लेषण गरिएको छ। देवकोटाको अध्ययन, पारिवारिक वातावरण र संस्कारवश यस निबन्धमा पूर्वीय दर्शनका आधारभूत प्रस्थापनाहरू प्रकट भएका छन् । उनले पूर्वीय दर्शनलाई युग, समाज र जीवनसापेक्ष ग्रहण गरी त्यसलाई मानवजीवन, धर्तीको कल्याणको सहकारकका रूपमा प्रस्तुत गरेका छन् । वीरहरूको लोककल्याणकारी भावना, मानवसेवा र समाजसेवाको जुन चेतना छ, त्यसमा आध्यात्मिक चिन्तन प्रस्तुत भएको छ । संसारका प्राणीका लागि सत्कार्य गरेर आफ्नो जीवन अर्पण गर्ने वीरहरूमा आत्मा र ईश्वरीय सत्ताप्रति विश्वास देखिन्छ । परोपकारी र लोकहितकारी भावनाबाट प्राप्त आनन्द अनित्य र विपरिणामी भौतिक जगत्भन्दा परको अमृततत्व नै जीवनको चरम प्राप्ति हो अनि अज्ञानता, क्षणिक स्वार्थ र सांसारिक सुखभोगको अभिलाषा मुक्तिमार्गको अवरोध हो भन्ने भाव भएका वीरहरूले मायाजालबाट मुक्त भई ईश्वरीय परम पदको प्राप्तिलाई जीवनको लक्ष्य बनाएका हुन्छन् भन्ने आध्यात्मिक चिन्तन यस निबन्धमा प्रस्तुत भएको छ ।*

**शब्दकुञ्जी :** ईश्वर, आत्मा, स्वर्ग, कर्म, बन्धन, मुक्तिचेतना, अविद्या ।

**विषयपरिचय**

'वीरहरू' निबन्धकार लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित निबन्ध हो । यो लक्ष्मीनिबन्ध सङ्ग्रहमा सङ्कलित छ । देवकोटा नेपाली साहित्यका सबैजसो विधामा सफलतापूर्वक साधना गर्ने स्रष्टा हुन् । उनले विषयवस्तु, भाव र शैलीका दृष्टिले उत्कृष्ट निबन्धको रचना गरेका छन् । उनी स्वच्छन्दतावादी भावधारामा मानवतावादी विचार अँगाली प्रकृतिको चित्रण गर्दै आत्मपरक शैलीमा हार्दिक अभिव्यक्ति प्रकट गर्ने निबन्धकार हुन् । उनले लक्ष्मीनिबन्ध सङ्ग्रह (वि.सं. २००२) र दाडिमको रुखनेर (वि.सं. २०३९) गरी दुइटा मौलिक निबन्धात्मक कृतिहरू प्रकाशित गरेका छन्। उनले आफ्ना निबन्धमा निजी जीवनभोगाइका अतिरिक्त समाज, संस्कृति, प्रकृति, धर्म, दर्शन, शिक्षा, भाषा, साहित्य, कलाजस्ता ज्ञानविज्ञानका विविध पक्षहरूलाई विषयवस्तुका रूपमा ग्रहण गरेका छन् ।

'वीरहरू' निबन्धमा वीरहरूको निस्वार्थ सेवाभावको चिनारी दिई सबैलाई वीरहरूले जस्तै सत्कार्य गर्न प्रेरित गरिएको छ। देवकोटाका निबन्धहरूमा पनि कुनै न कुनै रूपमा पूर्वीय दर्शनको प्रभाव परेको देखिन्छ। ईश्वर, आत्मा, स्वर्ग, नरक, पाप, पुण्य, दया, धर्म, बन्धन, मुक्तिजस्ता पौरस्त्य दर्शनका विषय सन्दर्भ कतै अभिधामूलक, कतै लाक्षणिक, कतै आलोचनात्मक र कतै समर्थनमूलक रूपमा प्रस्तुत भएको हुँदा उनका निबन्धहरू पौरस्त्य दर्शनको प्रभावका दृष्टिले अनुसन्धेय, पठनीय र विश्लेष्य रहेका छन् ।वैदिक वाङ्मयलाई आधार मानी विकसित भएको पौरस्त्य दर्शन ऐतिहासिक महत्व र सुदीर्घ परम्परा बोकेको आस्तिक दर्शन हो। यसअन्तर्गत साङ्ख्य, योग, न्याय, मीमांसा, वैशेषिक र वेदान्त गरी छओटा आस्तिक दर्शन पर्दछन्। यिनलाई सामूहिक रूपमा षड्दर्शन भन्ने गरिन्छ। प्रस्तुत आलेखमा 'वीरहरू' निबन्धमा पौरस्त्य षड्दर्शनका मूलभूत प्रस्थापनाहरूमध्ये ईश्वर, आत्मा, स्वर्ग, कर्म, बन्धन र मुक्तिचेतना जस्ता कुराहरूको केकस्तो प्रभाव रहेको छ र त्यसको कलात्मक रूपान्तरण के कसरी गरिएको छ ? भन्ने कुराको अध्ययन एवम् विश्लेषण नै यस अध्ययनका उद्देश्य र सीमा हुन् ।

### अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन र विश्लेषणको ढाँचा निम्नानुसार रहेको छ :

### सामग्री सङ्कलन कार्य

प्रस्तुत अध्ययनकार्यका लागि पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरिएको छ । यसमा साहित्यिक एवम् गुणात्मक विधिको प्रयोग गरिएको छ । यसमा प्राथमिक सामग्रीका रूपमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'वीरहरू' निबन्धलाई आधार बनाइएको छ । निबन्धबाट आवश्यक तथ्यहरू उद्धृत गरी पाठ विश्लेषण पद्धतिका आधारमा समस्याको उपयुक्त समाधान खोजिएको छ । निबन्धको विश्लेषणका लागि पौरस्त्य दर्शनका ईश्वर, स्वर्ग, आत्मा, कर्म, बन्धन र मुक्तिलाई मूल आधार बनाइएको छ । द्वितीयक सामग्रीका रूपमा निबन्धका बारेमा लेखिएका र पौरस्त्य दर्शनका बारेमा लेखिएका सामग्रीको उपयोग गरिएको छ ।

### निबन्ध विश्लेषणको ढाँचा

### पौरस्त्य दर्शनको सङ्क्षिप्त परिचय

पौरस्त्य दर्शन कर्मसिद्धान्तमा विश्वास गर्ने, आत्मसंयममा जोड दिने, पुनर्जन्ममा विश्वास राख्ने, ज्ञानद्वारा मोक्षप्राप्ति हुन्छ भन्ने मान्यता भएको वैदिक वाङ्मयबाट विकसित दर्शन हो । जीवन र जगत्लाई व्यापक र विशद् ढङ्गले हेर्ने क्रममा विकसित भएका पौरस्त्य आस्तिक दर्शनको समूहलाई षड्दर्शन पनि भनिन्छ । षड्दर्शनले जीवन र त्यसबाट मोक्षको व्याख्या आआफ्ना शैली एवम् पद्धतिबाट गरेका छन् । सबै दर्शन संसारलाई दुःखमय मानी त्यसबाट मोक्ष वा कैवल्यप्राप्तिको तार्किक उपायबारे बताउँछन् । मानव जीवन सांसारिक विषय वासनाप्रति आसक्त हुन्छ । सांसारिक वस्तुप्रतिको आसक्ति र मोह नै दुःखको कारण हो, दुःखबाट छुटकारा पाउन ज्ञान र ध्यानको मार्ग अपनाउनु पर्दछ अनि सत्कर्मबाट नै जीवन मुक्ति सम्भव छ भन्नेमा सबैजसो दर्शनको मत एकत्रित छ । स्वर्ग, ईश्वर, आत्मा, जीवनजगत्, सांसारिक बन्धन, मुक्ति आदि पौरस्त्य दर्शनका केन्द्रीय पदावली एवम् आधारभूत प्रस्थापना हुन् । पूर्वीय चिन्तन परम्परामा व्यापक चिन्तन मनन एवम् अध्ययन विश्लेषण गरिएका यिनै प्रस्थापनाहरूको परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### ईश्वर, आत्मा र स्वर्गसम्बन्धी मान्यता

ईश्वर तत्व पौरस्त्य दर्शनको मूल आधार हो । षड्दर्शनमध्ये साङ्ख्यबाहेकका सबै दर्शनले ईश्वरीय सत्ता र तत्सम्बन्धी चिन्तन कुनै न कुनै रूपमा प्रस्तुत गरी ईश्वर तत्वको व्याख्या आआफ्नै शैलीमा गरेका छन् । योग दर्शनमा "जड प्रकृति र चेतन पुरुषलाई सम्पर्कमा ल्याईदिन ईश्वरीय तत्वको आवश्यकता पर्दछ" (गिरी, २०५५, पृ. ४७-४८), "ईश्वर सर्वज्ञ हो, सर्वकालमा यसको सत्ता छ, त्यस ईश्वरसित संयोग हुनु नै योग हो" (बराल, २०५५, पृ. ८२२) भनी ईश्वरीय सत्ता र सर्वोच्चता स्विकारिएको छ । न्याय दर्शनमा ईश्वरलाई स्रष्टा, पालनकर्ता र संहारकर्ताको रूपमा लिई ज्ञान, सत्ता र आनन्द सन्निहित हुने व्यक्तित्वपूर्ण तत्व मानिएको छ । यस दर्शनमा परमाणुलाई संयोजित गराउने निमित्त कारण रूप तथा शब्द र अर्थको सम्बन्ध निर्धारण गर्न ईश्वरको आवश्यकता पर्दछ भन्दै ईश्वरको अस्तित्वको प्रामाणिकता पनि प्रस्तुत गरिएको छ । वैशेषिक दर्शनले पनि न्याय दर्शनले झैँ ईश्वरीय सत्तालाई स्वीकार गर्दछ । मीमांसा दर्शनले कर्मकर्ताले दिएको बलि स्वीकार गर्नको लागि भए पनि ईश्वरको गौण स्थान सुरक्षित गरेको छ । वेदान्त दर्शनमा ब्रह्मसत्यं जगन्मिथ्या भन्दै ब्रह्म र मायाको संयुक्त स्वरूपलाई ईश्वर मानिएको छ । ईश्वरद्वारा जीवलाई शुभाशुभ कर्मको फल मिल्छ । मायाको अंश रहेको हुनाले ईश्वर केवल व्यावहारिक दृष्टिकोणबाट मात्र सत्य हो । ईश्वर जगत्को निमित्त र उपादान कारण दुवै हो (गिरी, २०५५, पृ. ५७-५८) भन्ने यसको थप मान्यता रहेको छ ।

आत्मासम्बन्धी चिन्तन पौरस्त्य दर्शनको अर्को महत्वपूर्ण प्रस्थापना हो । साङ्ख्य दर्शनले आत्मालाई शरीर र इन्द्रियदेखि भिन्न शुद्ध चैतन्य रूपको चेतन सत्ता मानी पुरुषको नामबाट परिचित गराएको छ भने अन्य दर्शनले यसलाई आत्माका नामबाट नै चिनाएको देखिन्छ । वेदान्त दर्शनले एउटा मात्र आत्मा मानेर आत्माबारे अद्वैतवादी मत प्रस्तुत गरेको छ भने

अरू दर्शनले अनेक आत्मासम्बन्धी मत प्रस्तुत गरेका छन् । वैशेषिक दर्शनअनुसार आत्मा केवल सत् वा अस्तित्ववान् छ । न्याय दर्शनअनुसार आत्मा स्वभावत: अचेतन छ भने साङ्ख्य दर्शनअनुसार आत्मा (पुरुष) सच्चित्, चैतन्य स्वरूप, अकर्ता, आनन्दविहीन र त्रिगुणातीत छ । वेदान्त दर्शनमा ब्रह्म र आत्मालाई एउटै तत्वका रूपमा लिई त्यो सच्चिदानन्द स्वरूप हुन्छ र त्यो अन्तिम सत्य हो भनिएको छ (गिरी, २०५५, पृ. ५६) । योग दर्शनमा आत्मालाई अनादि र अनन्त मानेर व्याख्या गरिएको छ । न्याय दर्शनअनुसार आत्माको सम्पर्क मनसँग, मनको इन्द्रियसँग र इन्द्रियको सम्पर्क बाह्य पदार्थसँग भएपछि आत्मामा चेतनाको सञ्चार हुन्छ । पौरस्त्य दर्शनले ब्रह्म वा आत्मालाई परम तत्व मानेको हुँदा सबै दर्शनमा अध्यात्मवादको प्रभाव रहेको छ । यसै आधारमा षड्दर्शनलाई अध्यात्मवादी दर्शन पनि भनिन्छ । पौरस्त्य दर्शनले आत्माका केन्द्रीयतामा मुक्ति वा कैवल्यमुक्तिको उपायसमेत बताएकाले आत्मातत्व पनि प्रधान तत्वका रूपमा रहेको छ । यसलाई पातञ्जलयोगदर्शनमा सत्वपुरुषयो: शुद्धिसाम्ये कैवल्यम् भनिएको छ ।

स्वर्गसम्बन्धी चिन्तन पौरस्त्य दर्शनको अर्को महत्वपूर्ण प्रस्थापना हो । पौरस्त्य दर्शनमा स्वर्गलाई चरम आनन्द प्राप्तिको पारलौकिक तत्वका रूपमा व्याख्या गरिएको छ । पूर्वीय दर्शनमा शुभ कर्मद्वारा स्वार्गादि प्राप्ति हुन्छ (शर्मा, १९९०, पृ. १५) भन्दै मानवलाई स्वर्गप्राप्तिका लागि शुभ कर्म गर्नुपर्ने सन्देश दिइएको छ । मीमांसा दर्शनमा "स्वर्गको अस्तित्व छ र स्वर्ग भनेको आत्यान्तिक निरतिशय सुख हो" (बराल, २०५५ पृ. ८२३) भन्दै स्वर्गलाई महत्वका साथ हेरिएको छ । मीमांसा दर्शनले स्वर्गकामो यजेत् भनेर स्वर्ग प्राप्तिका हेतु यज्ञ गर्नका लागि पूर्व आह्वान गरेको छ । वेदान्त र योग दर्शनले पनि अनित्य र विपरिणामी भौतिक जगत्भन्दा परको अमृत तत्वलाई मानेका छन्, प्रकारान्तरले त्यो पनि स्वर्ग तत्व नै हो । यसर्थ स्वर्ग त्यस्तो तत्व हो, जहाँ सत्कर्म गर्ने आत्मा वा देवता रहन्छन् र आत्माले सुखशान्तिको अनुभूत गर्दछ । स्वर्ग सुख र आनन्दको प्रतीक तेस्रो लोक हो । यसैले मानवका सम्पूर्ण कर्म स्वर्गप्राप्तिका लागि लक्षित हुन्छन् । कर्म, बन्धन र मुक्तिसम्बन्धी मान्यता पौरस्त्य दर्शनमा प्रमुखताका साथ चर्चा गरिएको अर्को तत्व कर्म हो । मानवले गर्ने कुनै पनि कर्म लोककल्याणमा समर्पित हुनु पर्दछ । श्रीमद्भगवत्गीतामा कृष्णले अर्जुनलाई सम्झाउने क्रममा निष्काम कर्म योगको चर्चा गर्दै कर्म गर्ने अधिकार सबैलाई छ र त्यसको फलप्रति आशक्त हुनु हुँदैन भनिएको छ । वैशेषिक दर्शनमा उत्क्षेपण, अपक्षेपण, आकुञ्चन, प्रसारण र गमन गरी पाँच प्रकारका कर्मको चर्चा गरिएको पाइन्छ । शुभ कर्मद्वारा नै सुखप्राप्ति हुन्छ र उचित कर्मद्वारा मुक्तिप्राप्त हुन्छ । कर्मले जीवलाई सुखदु:खको फल प्रदान गर्दछ । संसारका प्रत्येक प्राणीहरू सुखी वा दु:खी हुनु पूर्वजन्मका शुभाशुभ कर्मका परिणाम हुन् । भारतीय दार्शनिक परिपाटीमा कर्मसिद्धान्तको आधारमा समाजलाई सुव्यवस्थित बनाउने प्रयास गरिएको छ । जीवनमा आइपर्ने समस्याहरूको अगाडि घुँडा टेक्नु कायरता हो । कर्म सिद्धान्तकै आधारमा संसार शाश्वत नैतिक नियमद्वारा चलिरहेको छ  (गिरी, २०५५, पृ. २१) । कर्म ज्ञानप्राप्तिका लागि सहयोगी हुन्छ ।

पौरस्त्य दर्शनमा बन्धन र मुक्ति तत्वलाई प्रमुखताका साथ व्याख्या गरिएको छ । यस दर्शनले सांसारिक जीवन आध्यात्मिक, आधिभौतिक र आधिदैविक दु:खद्वारा भरिएको मान्दछ । त्रिविध दु:खको आत्यान्तिक निवृत्ति नै मुक्ति हो । मुक्ति जीवनको चरम लक्ष्य पनि हो । कुनै पनि व्यक्ति विभिन्न मोहमा परेर बाँधिएको हुन्छ । म हुँ, मेरो हो, म नै सर्वस्व हुँ भन्ने अज्ञान चेतनाका कारण व्यक्ति ऐहिक सुखका खोजीमा भौँतारिन थाल्दछ । ऊ मोहजालमा फस्न पुग्छ र भ्रमवश सांसारिक सुखलाई वास्तविक सुख मान्दछ । साङ्ख्य दर्शनले दु:खको मूल कारण अज्ञानतालाई मान्दछ र संसारका यथार्थलाई बुभ्ऽन नसक्नु नै दु:ख हो भन्दछ । योग दर्शनले सांसारिक वा विषय सुखलाई सुख मानेका कारण मानिस सांसारिक सुखप्रति आकर्षित हुन्छ तर ज्ञान प्राप्ति पश्चात् उसले त्यो विषयसुखलाई क्षणिक अर्थात् विपरिणामी देख्तछ अनि यसबाट उसमा विषय सुखप्रति विराग उत्पन्न हुन्छ र मुक्तिमार्गतर्फ प्रवृत्त हुन्छ भन्ने मान्दछ । "जीवनकालमा नै मान्छे मोक्षप्राप्त गर्न सक्छ । यसलाई जीवनमुक्ति भनिन्छ । तर मानवको चित्त क्षिप्त, मूढ र विक्षिप्त अवस्थामा रहेर विभिन्न सांसारिक पदार्थहरूमा विचरण गर्दछ । जीवनको चरम लक्ष्य मोक्षप्राप्त गर्ने व्यक्ति निष्क्रिय नभएर सक्रिय हुन्छ, लोककल्याणको लागि ऊ सतत् कार्यशील रहन्छ" (गिरी, २०५५, पृ. १८) । वेदान्त दर्शनले "मायाले ब्रह्ममा पर्दा हालिदिनाले सचिदानन्द

ब्रह्म सुखदुःखात्मक जगत्को रूपमा प्रतीत हुन पुग्छ । जगत्को कारण माया हो । माया नै मोक्षप्राप्तिको बाधक पनि हो । जब जीव ज्ञानद्वारा मायालाई हटाएर शुद्ध चैतन्य स्वरूप ब्रह्मलाई जान्दछ, ऊ मुक्त हुन्छ" (गिरी, २०५७, पृ. ५८) भनेको छ । माया अस्थायी हुने भएकाले ज्ञानप्राप्ति भएपछि मायाको अस्तित्व समाप्त हुन्छ ।

मीमांसा दर्शनले कर्मबाट मोक्ष प्राप्त गर्न सकिन्छ भनेको छ । उचित कर्मले मुक्ति प्रदान गर्दछ भने अनुचित कर्मले बन्धन पैदा गर्दछ । बन्धनको कारण अज्ञान हो । अज्ञानले मानिसलाई सांसारिक दुःखमा डुबाउँछ अनि ऊ जन्ममरणको चक्रमा घुमिरहन्छ । जन्ममरणरूपी चक्रबाट मुक्त हुनु मानव जीवनको लक्ष्य हो । अज्ञानको नाश गर्न ज्ञानोदय हुनु पर्दछ । ज्ञान र विवेकले मात्र उसलाई उचित अनुचितको बोध हुन्छ । अज्ञान हटेर ज्ञानप्राप्ति भएपछि मात्र जीवले आफूलाई चिन्दछ र संसारको कल्याणका लागि समर्पित गर्दछ । चैतन्य बोधपश्चात् नै मानव समग्र बन्धनबाट मुक्त हुन पुग्दछ । ईश्वरको अनुग्रहविना जीवले न त प्रमेय (मुक्ति) को यथार्थ ज्ञान प्राप्त गर्न सक्छ न यो संसारको दुःखबाट नै छुटकारा पाएर मोक्ष प्राप्त गर्न सक्छ (सक्सेना, २०६१, पृ. ४९) भनेर न्याय दर्शनमा मोक्षबारे बताइएको छ । त्यस्तै मोक्ष वा मुक्ति आत्माको त्यो अवस्था हो, जसलाई धर्मग्रन्थमा अभय, अजर तथा अमृत पद भनिएको छ (सक्सेना, २०६१, पृ. ४८) । यसप्रकार तत्व ज्ञानको अभाव सांसारिक बन्धनको कारण हो । संसारको यथार्थ बुझ्न नसक्नु नै दुःख हो । भौतिक सुख वा सांसारिक वासनाप्रतिको आशक्ति, क्षणिक स्वार्थ र कर्मविहीनता मुक्तिका बाधक हुन् । परोपकार वा परहित जीवनको प्राप्ति हो । ज्ञानप्रप्ति र सत्कर्मबाट जीवनमा मुक्ति मिल्दछ भने विषयप्रतिको आसक्ति सांसारिक बन्धनको कारण हो ।

**वीरहरू निबन्धको विषयवस्तु र मूल भाव**

'वीरहरू' १९९७ सालको सहिद काण्डले नेपाली मानसिकतामा पारेको प्रभावबाट सिर्जित निबन्ध हो । यस समयमा राणाहरूको चरम दमनका कारण देशको शासनव्यवस्था परिवर्तन गर्नु पर्दछ भन्ने चेतना जनतामा जागृत हुन थालेको थियो । जहानियाँ राणाशासनबाट मुक्तिका लागि स्वतन्त्रता र प्रजातन्त्रप्रेमी नेपालीहरू ज्यानको बाजी लगाएर क्रान्तिमा होमिन तयार हुँदै थिए । राणाशासनको विरोध गरेको सन्दर्भमा चारजना नेपाली सपूतहरूलाई मृत्युदण्ड दिइयो, कैयौं घरबारविहीन बने, कति देश निकाला भए । यसबाट नेपाली मानसिकता पराजित हुन सक्ने सम्भावना पनि त्यत्तिकै थियो । मुलुकमा क्रान्तिको विकल्प पनि थिएन । कवि, लेखक, कलाकारहरूले आफ्ना कलमका माध्यमबाट मुक्तिको आवाज प्रवाहित गरिरहेका थिए । यसै पृष्ठभूमिमा समाजसेवा, मानवसेवा, राष्ट्रसेवा, सत्कर्मवाद, सांसारिक वस्तुप्रतिको अनाकर्षण एवम् लोकहितका अभिप्रेरणाबाट यो निबन्धको रचना भएको हो ।

लामाछोटा एघारओटा अनुच्छेदमा संरचित निबन्ध प्रस्तुत निबन्ध विषयवस्तुको संयोजन तीनओटा खण्डमा गरिएको छ । प्रथम खण्डमा वीरहरूको स्वभाव, उनीहरूमा रहेको त्याग र समर्पणको भावना तथा स्वार्थ नामेटतालाई प्रस्तुत गर्दै उनीहरू आफू नसम्झेर अरूको भलाइका निम्ति काम गर्दछन् र अमरत्वको कामना गर्दछन् भनिएको छ । द्वितीय खण्डमा हामीहरू वीरहरूले देखाएको बाटोमा हिँड्न सकेका छैनौँ, सांसारिक सुखभोगमा डुबेका छौँ भन्ने कुरा प्रस्तुत गरिएको छ । तृतीय खण्डमा सांसारिक सुखभोगको पछाडि नलागी मानवहित र समाजसेवा गर्ने, अविदितको यात्रातर्फ र अनि महको माखा नहुने विचार व्यक्त गरिएको छ ।

आत्मनिवेदनका रूपमा लेखिएको प्रस्तुत निबन्धमा देवकोटाले मानवसेवा र लोककल्याणको भाव प्रस्तुत गरेका छन् । उनले सम्पूर्ण मानवजातिमा वीरहरूमा जस्तै त्यागको भाव नभएकामा दुःख व्यक्त गर्दै परोपकारमा समर्पित वीरहरूको सेवाभाव आफूमा उतार्न खोजेका छन् । "यो सहिदका बलिदानपूर्ण गाथाको सम्झना गरिएको निबन्ध हो । मर्नको प्रवाह नगरी मर्न सक्ने सहिदका चरित्रको विशेषता देखाएर आफू त्यस्तो हुन नसकेकोमा आफ्नै बारेमा गुनासो गरिएको निबन्ध हो" (अधिकारी, २०६६, पृ. २०) । सच्चा वीरहरूमा विशुद्ध सेवाको भावना हुन्छ, उनीहरू देशका लागि ज्यानको प्रवाह नगरी सधैँभरि लडिरहन्छन् । उनीहरूका लागि स्वर्गका अप्सरा हातमा अमृतका प्याला लिएर पर्खन्छन् । उनीहरू परमेश्वरका चरणमा खुसीसाथ चढ्न तयार हुन्छन् । उनीहरूका प्रेरणाबाट नै मानवजातिले आदर्शको बाटो हिँडेका

हुन्छन् । उनीहरूमा समाजको भलाइ गर्ने निडर, निस्वार्थ, अमरत्वको भावना रहेको हुन्छ । यस निबन्धका बारेमा चूडामणि बन्धुको भनाइ छ–

> 'वीरहरू'मा स्वार्थलाई पन्छाएर अरूलाई आफू सम्झेर आफूलाई हराउनु नै वीरता हो भन्ने विचार प्रकट गरिएको छ । दुधको भारा तिर्न नसक्ने, मायाजालमा अल्झिनेहरू, टाढा नदेख्नेहरू र त्रासले केही गर्न नसक्नेहरू वीर हुन सक्दैनन् । सत्यको निम्ति त्याग गर्न नसक्नेहरू पनि वीर होइनन् । उनी स्वदेशका वीरहरूलाई सम्झन्छन्, उनलाई वीर हुन मन लाग्छ । उनलाई पनि स्वर्गको फिलुङ्गो चोरी धरतीमा ल्याएर नेपाली जातिको उद्धार गर्न मन लाग्छ । (बन्धु, २०५८, पृ. ९१)

निबन्धकार समस्त मानवसमाजको उन्नति भएको देख्न चाहन्छन् र आफूमा वीरोचित्त भावनाको उदय भएको देख्न चाहन्छन् । परमेश्वरले सबै व्यक्तिलाई वीर बन्ने मौका दिए पनि स्वार्थका कारण सबै वीर बन्न नसकेको धारणा उनले राखेका छन् । सत्यका निम्ति त्याग गर्न नसकेकामा उनी गुनासो गर्दछन् । उनी वीरहरूका प्रेरणाबाट निस्वार्थ भावले परहित गर्नुपर्ने सन्देश दिन चाहन्छन् । यसप्रकार कर्मद्वारा मानवसेवा र राष्ट्रसेवा गर्नुपर्छ भन्ने भाव यस निबन्धमा प्रस्तुत गरिएको छ ।

**वीरहरू निबन्धमा पौरस्त्य दर्शन अध्ययनका आधारहरू**

'वीरहरू' निबन्धमा पौरस्त्य दर्शनका आधारभूत प्रस्थापनाहरू देवकोटाको पारिवारिक वातावरण, अध्ययन र संस्कारका प्रभावबाट आएका छन् । यस निबन्धमा प्रयुक्त पद, पदावली र वाक्यहरूले यहाँ पौरस्त्य दर्शनको प्रभाव भएको पुष्टि गर्दछन् । यसमा निबन्धकार देवकोटाद्वारा सचेत र असचेत दुवै ढङ्गले प्रयुक्त स्वर्ग, ईश्वर, आत्मा, मृत्यु, मायाजाल, महको माखाको सन्दर्भ, सांसारिक निरर्थकता, सांसारिक बन्धन, अविदितको यात्रा, मुक्तिको कामना जस्ता पद तथा पदावलीहरूले पौरस्त्य दर्शनलाई नै सङ्केत गरेका छन् । देवकोटाले यस निबन्धमा प्रस्तुत गर्न खोजेको मानवता, कर्म र सेवाको भावनाको आधारशिला पनि पौरस्त्य दर्शन नै हो । वासुदेव त्रिपाठीले लक्ष्मीनिबन्ध सङ्गहका निबन्धको चर्चा गर्ने क्रममा "ल. नि. सं. का देवकोटा आध्यात्मिक प्रभावमा छन् । उनी पूर्वका देवदूतझैं बोलिरहेका छन्" (त्रिपाठी, २०२८, पृ.७२-७३) भन्ने विचार प्रस्तुत गरेका छन् । यस टिप्पणीबाट पौरस्त्य दर्शन पनि देवकोटाका निबन्धको एउटा महत्वपूर्ण आधार भएको पुष्टि हुन्छ ।

देवकोटाको पौरस्त्य दर्शनसम्बन्धी चिन्तन परम्परागत र रुढग्रस्त भने छैन । उनको दर्शनप्रतिको धारणा समाजमुखी, मानवतावादी र कर्मवादी रहेको छ । उनी शास्त्रीय परिपाटीबाट मुक्त हुँदै दर्शनलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दछन् । यस निबन्धमा पौरस्त्य दर्शनका आधारभूत प्रस्थापनाहरूको व्याख्या विभिन्न कोणबाट गर्न सकिए पनि यस अध्ययनमा पौरस्त्य दर्शनको प्रभाव निम्नलिखित उपशीर्षकहरूमा केन्द्रित रही विमर्श गरिएको छ :

**वीरहरू निबन्धमा ईश्वर, स्वर्ग र आत्मासम्बन्धी धारणा**

प्रस्तुत निबन्धमा ईश्वर, स्वर्ग र आत्मातत्वको प्रभाव पौरस्त्य दर्शनका आधारभूत स्थापनाअनुरूप नै भएको छ । वीरहरूको देश, जाति र कर्मप्रतिको समर्पण, त्याग र विश्वासको अभिव्यक्तिका सन्दर्भमा यी तत्वहरूको प्रयोग भएको देखिन्छ । आफूलाई समस्त मानवजातिको कल्याणमा समर्पित गर्ने वीरहरूका सन्दर्भमा ईश्वरतत्वको प्रयुक्ति सर्वोच्च शक्ति, अनन्त स्वरूप, सर्वव्यापी तत्व, आशाको चरमचुली एवम् आस्थाको विन्दुका रूपमा भएको छ । त्यस्तै स्वर्गतत्वको प्रयोग आत्माले सुखशान्तिको आनन्द स्वरूप प्राप्त गर्ने निरतिशय आत्यन्तिक सुखका रूपमा भएको छ । आत्मातत्वको प्रयोग अनादि, अनन्त, चैतन्य र सचिदानन्द स्वरूपका रूपमा भएको छ । यस निबन्धमा ईश्वर, आत्मा र स्वर्गका सम्बन्धमा आएका सन्दर्भहरूलाई साक्ष्यका रूपमा यहाँ प्रस्तुत गएिको छ :

१. तिनीहरू पोस्तछन् स्वर्गबाट-जहाँ तिनका हातमा अप्सराहरू अमृतका प्याला चढाएर पर्खिरहन्छन् । (पृ. ५८)

२. हाम्रा परमेश्वरको चरणमा छिटो खुशीसँग चढेका स्वदेशी भाइहरू तिनै हुन् । (पृ. ५८)

३. हामी हाम्रो स्वर्ग र ईश्वर सच्चा रहेछ भनेर शङ्का र त्रासहरू पन्साउँछौ र हाम्रो मुटु अर्को युगसम्म सञ्चोसँग हाँस्न

र खेल्न लाग्छ । (पृ. ५८)

४. म बहादुर हुँ को चैतन्य मानौँ आत्महत्याको आत्मप्रदर्शनी हो । समर्पणको भावना ईश्वरमा बिजुली मिल्दछ । एक इशारामा उफ्रने आत्मालाई म वीर भन्दछु । ...बस झिलिक्क झल्किहाल्छ अनन्तताको मोहनी, अमृतको बिजुली । (पृ. ५९)

५. सच्चा वीरमा विश्वासको जादू हुन्छ । ऊ एक झिलिकमा पुरुखा देख्तछ । दुश्मनको हाँकमा भन्दा अमरत्वको सहज विश्वासमा वीरको सच्चा टुना छ । उ ! आत्मा उचालियो । उसले सत्य देख्यो ।....एकै निमेषभर पनि अन्नतको अमृत चाख्यो । (पृ. ५८/५९)

६. के अनन्त साठी वर्षको रालसिँगान भन्दा पर छैन ? उताको अनन्तता यताको बोके झोक्राइमा खेर फाल्नु ! (पृ. ५९)

७. के वीरलाई परमेश्वरले सुनौला मौका पठाइदिएका हुन्छन् ? होइन, आत्माले मौका त्यहाँ पाउँछ, जहाँ यसको भावना सग्लिएर अनन्तको प्रतिबिम्ब धारणा गर्छ । परमेश्वरले नदिएको होइन । (पृ. ५९)

८. समाजको अन्धता खप्नुभन्दा सत्यको घाँटी रेट्न मलाई सजिलो लाग्छ र म मेरो आत्मासँग झुटो बोल्छु र दुनियाँसँग सच्चाइको सच्चरित्रताको दावा राख्तछु । अनि मेरो मुटु किन नकाँपोस् । (पृ. ५९)

९. मेरो आत्मा त्यहाँ खोज्छ केही खँदिलो कुरा जहाँ तिनीहरू बसेका छन् । (पृ. ६०)

१०. म अविदितको यात्रामा जान चाहन्छु । स्वर्गको फिलिङ्गो चोर्न चाहन्छु । महको माखा हुन चाहन्नँ । (पृ. ६०)

माथिका साक्ष्यहरूले ‘वीरहरू’ निबन्धमा पाइने ईश्वर, स्वर्ग र आत्मातत्वसम्बन्धी अवधारणाका सम्बन्धमा प्रकाश पारेका छन् । यी साक्ष्यहरूको व्याख्या यसप्रकार गरिएको छ :

साक्ष्य १ मा हातमा अमृतका प्याला लिएर बसेका अप्सराहरूले स्वर्गमा वीरहरूको स्वागत गर्ने कुरा प्रस्तुत गरिएको छ । यसमा स्वर्गको परिकल्पना सुख र आनन्दका रूपमा भएको छ । राम्रो काम गर्ने प्राणी वा मनुष्य नै स्वर्गमा बस्न पाउँछ । स्वर्गको प्राप्ति भनेको सुख र सम्पूर्ण कामनाको सर्वोत्तम प्राप्ति हो । वीरहरू सेवाको भावना भएका त्यागका प्रतिमूर्ति हुन्, उनीहरूमा देशमा आउने जुनसुकै परिस्थितिको पनि सामना गर्दछन् र उनीहरू निस्वार्थ भावनाले समाजसेवा लाग्दछन् । उनीहरू धर्तीमा मात्र होइन, स्वर्गमा पनि स्वागतयोग्य छन् भन्ने सन्दर्भमा यसमा स्वर्गसम्बन्धी अवधारणा आएको छ । स्वर्गतत्वसँगै आएको अमरतत्वले वीरहरू कहिल्यै पनि नमर्ने र उनीहरूको कीर्ति युगौँयुगसम्म अमर रहने कुराको बोध गराउने हुनाले वीरहरूको सन्दर्भमा गाँसिएर आएका यी शब्द सार्थक छन् । अतः यस साक्ष्यमा वीरहरूको स्वर्गप्राप्ति र अमरत्वको कामना समाजसेवाको भावनासँग गाँसिएर न्याय दर्शनको स्वर्गसम्बन्धी अवधारणाअनुरुप प्रस्तुत भएको छ ।

साक्ष्य २ मा वीरहरूले सजिलै ईश्वरप्राप्ति गर्दछन् वा परमेश्वरको चरणमा सर्वप्रथम पुग्ने स्वदेशी भाइहरू भनेका वीरहरू हुन् भन्ने भाव प्रस्तुत भएको छ । वेदान्त दर्शनमा आत्माको ईश्वरतत्वमा मिलन हुनुलाई मोक्ष वा मुक्तिको अवस्था भनिएको छ । वेदान्त दर्शनले एक मात्र सत्य ब्रह्मलाई मानेझैँ भौतिक सुख र क्षणिक स्वार्थलाई त्याग्ने वीरहरू ईश्वर प्राप्तिका लागि एकोहोरिएका हुन्छन् । वीरहरूको भावनामा अवस्थित ईश्वरमा संयोग हुने सन्दर्भले यस साक्ष्यमा योग दर्शनको प्रभाव पनि देखिन्छ । न्याय दर्शनले भनेझैँ परमेश्वरतत्व ज्ञान, सत्ता र आनन्द सन्निहित हुने व्यक्तित्व पूर्ण तत्व नै हो । वीरहरू समाजका लागि समर्पित हुने भएकाले खुसीसाथ त्यस सत्तामा पुग्दछन् । यस पङ्क्तिमा ईश्वरीय पद प्राप्त गर्न वीरोचित भावद्वारा लोककल्याणकारी कार्य गर्नुपर्ने भाव प्रस्तुत भएको छन् । परमेश्वर जीवलाई शुभाशुभ फल दिने तत्व हुन् । वीरहरूले लोककल्याणका लागि आफूलाई बिर्सेर कार्य गर्ने भएकाले उनीहरूलाई परम पद वा ईश्वरीय पद वा ईश्वरीय समीप्य र सान्निध्य मिल्ने कुरा गरिएकाले यसमा ईश्वरसम्बन्धी चिन्तन प्रत्यक्ष रूपमा आएको छ ।

साक्ष्य ३ मा हामीले शङ्का र त्रासहरू पन्साई स्वर्ग र ईश्वर सच्चा रहेछ भन्ने विश्वास गरेमा मात्र मुक्ति सम्भव हुने सन्दर्भ व्यक्त भएको छ । स्वर्ग र ईश्वरलाई चिन्न नसक्नु अविद्या वा अज्ञानता हो । मानिसले सांसारिक सुखलाई सर्वस्व ठानेर परमार्थलाई बिर्सँदा जीवनबाट मुक्त हुन असम्भव छ । वीरहरूमा जस्तो परमार्थ चेतना हुन सकेमा मात्र ईश्वर र स्वर्गप्राप्ति हुन्छ । आत्माले ज्ञान प्राप्तिपश्चात् संसारलाई भ्रमपूर्ण देख्दछ र वास्तविक ईश्वरीय स्वरूपलाई चिन्दछ । वीरहरू आफ्ना कर्मलाई सदैव धर्तीको हितमा लगाउँछन् । उनीहरूभित्र स्वर्ग र ईश्वरप्राप्तिको चाहना हुन्छ । त्यसैले

उनीहरू आदर्श कर्म गर्दछन् र अरूलाई पनि स्वर्ग र ईश्वरप्राप्तिका लागि सत्कर्म गर्ने प्रेरणा दिन्छन् । यहाँ ईश्वर र स्वर्ग सत्कर्मको अभिप्रेरक तत्वका रूपमा प्रस्तुत भएको छ । यसरी यस साक्ष्यमा वेदान्त दर्शनले प्रस्तुत गरेको व्यावहारिक दृष्टिकोणबाट सत्य मान्ने ईश्वर चिन्तन र न्याय दर्शनले पूर्णतः सत्य मान्ने ईश्वरीय सत्तासम्बन्धी चिन्तन अभिव्यक्त भएको छ ।

साक्ष्य ४ मा आत्मा र ईश्वरको सन्दर्भ प्रस्तुत भएको छ । वीरहरूको आत्मामा प्रदर्शनीको भाव हुन्छ । उनीहरूको समर्पणको भाव ईश्वरीय तत्वमा सम्मीलन हुन्छ । आत्मा जीवका रूपमा देहमा प्रवेश गरी सांसारिक विषयवस्तुमा लिप्त हुन्छ र जित हारको भ्रममा पर्दछ । वीरहरूमा बहादुर हुँ भन्ने चेतना भएकाले उनीहरूमा समाजको हित र उन्नतिको लागि अहंभाव जागृत पनि हुन्छ र लोकका लागि आत्मदाहको क्रिया प्रदर्शन गर्न तत्पर पनि हुन्छन् । जीवमा अहंभावना बढ्दा उसमा अचेतनता हुन्छ । त्यसले उसलाई हीनता र सर्वोच्चताको क्षणसँग साक्षात्कार गराउँदछ । फलतः मोक्षमार्ग अवरुद्ध हुन्छ । वीरहरूमा फोस्रो आडम्बर हुँदैन । उनीहरूमा समर्पण र त्यागको भावना हुन्छ । यसमा आत्मतत्वको महत्व बुझेर मानवसेवामा समर्पित हुनेहरू मुक्त हुने र नबुझ्नेहरू मुक्त हुन नसक्ने तथा अनन्त र अमृततत्व पनि प्राप्त गर्न नसक्ने धारणा व्यक्त भएको छ । वीरहरूले आत्मातत्वको महत्व बुझेकै कारण उनीहरूमा न्याय दर्शनले आत्माको सम्पर्क मनसँग, मनको इन्द्रियसँग र इन्द्रियको सम्पर्क बाह्य पदार्थसँग भएपछि आत्मामा चेतनाको सञ्चार हुन्छ भने झैँ जीवनजगत्का समस्या देखेपछि चेतना जागृत हुन्छ र उनीहरू एक इसारामा सेवारूपी अनन्तता र अमृतका लागि समर्पित हुन्छन् । यस साक्ष्यमा आएको अमृत पदले स्वर्गको समेत सङ्केत गरेको छ ।

साक्ष्य ५ मा ईश्वर र आत्मातत्वसम्बन्धी धारणा पाइन्छ । वीरहरूमा विश्वासको जादु, एक झिलिकमा पुर्खा देख्ने र अमरत्वका लागि मरिमेट्ने, सत्य देख्ने र एकै निमेषका लागि भए पनि अनन्तको अमृत प्राप्त गर्न चाहने प्रवृत्ति हुन्छ । वेदान्तबाहेकका दर्शनमा चर्चा गरिएको पुरुषतत्व वा आत्मातत्वको अनेकताअनुसार यहाँ वीरहरूको आत्मा सामान्य व्यक्तिको भन्दा फरक हुन्छ भन्ने भाव प्रस्तुत भएको छ । त्यस्तै वीरहरूको आत्मा अनन्त अर्थात् ईश्वर प्राप्तिका लागि अभिप्रेरित रहन्छ । उनीहरू अमरताको भावनाबाट प्रेरित भएकै हुँदा लोकको हितका लागि समर्पित हुन्छन् । सम्पूर्ण सांसारिक विषयवस्तुले मोहबन्धनमा पार्न खोजे तापनि उनीहरू सेवाद्वारा जीवनमुक्तिका लागि प्रवृत्त रहन्छन् । यसमा आएको आत्मासम्बन्धी चिन्तन हेर्दा चैतन्यस्वरूप आत्मा देहबाट भिन्न हुनका लागि ज्ञानको अवस्थामा पुगी सदेह मुक्तिमा तत्पर रहेको देखिन्छ । अनन्तको अमृत चाख्नका लागि आत्मा उचालिनुले भौतिक मोहपासबाट आत्माले मुक्तिको कामना गरेको कुरा बुझिन्छ । यसप्रकार यस साक्ष्यमा सहजै मुक्तिमार्गमा लाग्ने चेतनशील वीरहरूका माध्यमबाट देहभन्दा भिन्न चेतनस्वरूप आत्मातत्वको प्रभाव परेको छ ।

साक्ष्य ६ मा यो जीवन र लोकभन्दा परको अर्को जीवन र लोक अर्थात् स्वर्ग र ईश्वरको परिकल्पना गरिएको छ । कर्महीन र ज्ञानहीन जीवन जीवन होइन, ईश्वरको अस्तित्व त्यसभन्दा पर छ । त्यसैले ईश्वर र स्वर्गप्राप्तिका लागि उपलब्धिपूर्ण कर्म गर्नुपर्छ र जीवनलाई सार्थक बनाउनु पर्छ भन्ने भाव यस साक्ष्यमा प्रस्तुत भएको छ ।

साक्ष्य ७ मा आत्मा र ईश्वरतत्वसम्बन्धी चिन्तन पाइन्छ । परमेश्वर सर्वोच्च र सर्वव्यापक तत्व हो र यो सम्पूर्ण जगत्को निमित्त र उपादान कारण हो । ईश्वरको दृष्टि सबै प्राणीमा समान र न्यायोचित हुन्छ । जसका अन्तःचेतनामा अज्ञानता भरिएको हुन्छ, त्यसले सुनौलो अवसर प्राप्त गर्न नसक्ने भएकाले ईश्वरको दृष्टि जीवमा असमान छ कि भन्ने भ्रम हुन सक्छ । तर ईश्वर तटस्थ द्रष्टा वा साक्ष्य मात्र भएकाले उसको व्यवहार र दृष्टि कसैप्रति पनि असमान हुँदैन । आत्मामा विशेष परिस्थितिमा चेतनाको सञ्चार हुँदा आत्माबाट अज्ञानता हटेपछि त्यसले अनन्त अर्थात् ईश्वरीय स्वरूप धारणा गरेको हुन्छ । वेदान्त दर्शनको मान्यता अनुरूपको एक मात्र सत्य ब्रह्म हो भनेझैँ वीर त्यो व्यक्ति हुन सक्छ, जसको आत्माले अनन्त स्वरूपको प्रतिबिम्ब धारणा गर्ने भावना राख्न सक्छ । त्यागको भावना भएका कारण वीरहरूमा ईश्वरीय कृपा रहन्छ । यसमा निबन्धकारको व्यक्तिगत स्वार्थ र इन्द्रिय सुखका कारण ईश्वरीय परम पद प्राप्त गर्न नसकिने

ईश्वरतत्वकेन्द्री विचार देखिन्छ । यस साक्ष्यले परमेश्वरको सर्वव्यापकता, सर्वोच्चता, अनन्तता र न्यायप्रियतालाई प्रस्तुत गरेको छ ।

साक्ष्य ८ मा आत्मातत्वसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । यसमा देह र आत्मा भिन्न हुन भन्ने भाव प्रस्तुत भएको छ । मानवले अज्ञानताका कारण आत्मासँग झुटो बोल्ने हुनाले अज्ञानी मानिस डरपोक र कायर भई सत्कर्मतिर लाग्न सक्तैनन् । योग दर्शनले बताएअनुसार मान्छे स्थूलबाट सूक्ष्मतातिर प्रयत्नशील रहेझैँ आत्माले संसारका स्थूल ज्ञान प्राप्त गर्दछ । संसारका कर्महरू सत् र असत् हुन् भन्ने चेतना मान्छेमा हुन्छ तर असत् कर्म गरेर पनि दुनियाँसँग सत्कर्मको दाबी गर्नेहरू वीर बन्न नसक्ने निबन्धकारले धारणा प्रस्तुत गरेका छन् । यसमा आत्मा र कर्मका बिचको सम्बन्ध प्रस्तुत भएको छ ।

साक्ष्य ९ मा आत्मातत्वसम्बन्धी मान्यता प्रस्तुत भएको छ । वीरहरू सत्कर्ममा लागेर मुक्त हुने चाहने भएकाले निबन्धकारको आत्मा पनि खँदिलो कुराको खोजीमा लागेको छ । त्यो खँदिलो कुरा रहस्यमय र अविदित छ । वीर वा सहिदको आत्मा झैँ निबन्धकारको चेतन अकर्मण्य जीवन र ऐहिक सुखबाट मुक्त हुन खोजेको देखिन्छ । यो आत्माबोधको अवस्था पनि हो । मुक्तिचेतनाका स्थितितर्फ प्रवृत्त हुन पुगेको चिन्तन यस साक्ष्यमा प्रस्तुत भएको छ । योग दर्शनअनुसार यसलाई सम्प्रज्ञातको स्थितिमा पुग्न खोजेको मान्न सकिन्छ । यो ध्येय वस्तुको ज्ञानप्राप्ति भएको र आत्मा अस्मितानुगत अवस्थातर्फ लागेको अवस्था पनि हो । सारा सांसारिक विषयसुख त्यागेर एक मात्र सत्यको खोजीमा लागेको आत्मातत्व केन्द्रित चिन्तन यसमा प्रस्तुत भएको छ ।

माथिका साक्ष्यहरूको विश्लेषणका आधारमा हेर्दा ‘वीरहरू’ निबन्धमा पूर्वीय दर्शनले प्रस्तुत गरेअनुसारको ईश्वरीय सत्ता, आत्मातत्व र स्वर्गसम्बन्धी चिन्तन कर्म र सेवाको प्रेरकका रूपमा प्रस्तुत भएको छ । ईश्वरप्राप्ति, स्वर्गप्राप्ति र आत्माको मुक्तिका प्रेरणाबाट वीरहरूले समाजको मुक्तिका सन्दर्भ लिएर अगाडि बढ्ने कुरा यसबाट स्पष्ट हुन आउँछ । पौरस्त्य दर्शनका ईश्वर र स्वर्गतत्व मानवसेवाका प्रेरक पनि हुन् । समाजसेवा र मानवसेवामा समर्पित हुने व्यक्तिलाई परमेश्वर वा ईश्वरीय परमपद, स्वर्गीय आनन्द र आत्मिक सुखप्राप्त हुने विचार यस निबन्धमा प्रस्तुत गरिएको छ । यहाँ ईश्वरीय सत्ता सृष्टि, स्थिति र लयसँग सम्बन्धित सर्वज्ञ र सर्वव्यापक तत्वका रूपमा आएको छ । वीरहरूको उद्देश्य र कार्य समाजसेवा र मानवसेवा तथा लक्ष्य ईश्वरीय सत्ताप्राप्ति भएकाले यसमा ईश्वरीय चिन्तन साध्य नभई साधनका रूपमा प्रस्तुत भएको छ ।

वीरहरू धर्तीका मान्छेले भोगेका समस्याबोध गरी समाजसेवा र मानवहितका लागि समर्पित हुन्छन् । उनीहरू देशका अन्याय अत्याचारका विरुद्ध सङ्घर्ष गर्दछन् । सेवाको भावनाले ओतप्रोत वीरहरू मृत्युपश्चात् सुख र आनन्दको प्रतीक स्वर्ग र अमरत्व प्राप्त हुनेमा विश्वस्त छन् । उनीहरूभित्र स्वर्गप्राप्तिको इच्छाबाट सेवाको भावना जागृत हुन्छ । स्वर्गतत्व उनीहरूका कर्मको प्रेरक हो । त्याग, समर्पण, स्वार्थ नामेटता र परोपकारको भावना हुने भएकाले उनीहरूले सजिलै स्वर्गप्राप्ति गर्न सक्तछन् । स्वर्गलाई ध्यानमा राखेर संसारलाई महत्व दिने त्यस्ता वीरहरूको निश्चित रूपमा स्वर्गमा वास हुने विश्वास निबन्धकारको रहेको छ । स्वर्गतत्वसम्बन्धी दृष्टिकोण पनि यहाँ साधनका रूपमा वीरहरूका कार्यको सहकार्य भएर आएको छ ।

प्रस्तुत निबन्धमा आत्मातत्व वीरहरूका कर्मकताको प्रस्तुतिको पोषक भएर उपस्थित भएको छ । भौतिक जीवन समाप्त भए पनि आत्माले अमरता प्राप्त गर्छ भन्ने पौरस्त्य दर्शनको मूल प्रस्थापनाअनुसार वीरहरू अमरत्वको भावनाबाट सत्कर्ममा लाग्न प्रेरित हुने धारणा यहाँ प्रस्तुत भएको छ । अज्ञानताका कारण आत्मा सांसारिक सुखभोगमा लिप्त हुन्छ । आत्माको मुक्तिका लागि ज्ञानको आवश्यकता पर्दछ । मानिसमा ज्ञान आइसकेपछि वीरहरूझैँ मुक्तिमार्गमा लाग्छन् भन्ने भाव माथिका तथ्यहरूले प्रस्तुत गरेका छन् । वीरहरूलाई भौतिकजगत् क्षणिक छ, विषयसुख सांसारिक बन्धनको मूल

कारण हो, आत्मा सत्य हो भन्ने चेतना प्राप्त भएकाले उनीहरूको आत्माले मुक्ति प्राप्त गर्न सक्ने धारणा प्रस्तुत गर्दै निबन्धकारले आफूमा पनि वीरहरूमा झैँ आत्माबोधको अपेक्षा गरेका छन् । यहाँ मुक्त, नित्य, शुद्ध, चैतन्य र अविनाशी आत्मा अज्ञानताका कारण जीव बनी आफ्नो स्वरूपलाई बिर्सन्छ र ज्ञान प्राप्तिपश्चात् ब्रह्ममा लिन हुन पुग्दछ भन्ने वेदान्तीय चिन्तनको प्रभाव परेको छ ।

तत्कालीन नेपालको राजनीतिक अवस्था हेर्दा देशमा प्रजातन्त्र स्थापनाका लागि समस्त नेपालीहरूलाई जागृत बनाउनुपर्ने थियो । आध्यात्मिक विश्वास बोकेर हुर्केको समाजलाई क्रान्तिमुखी बनाउनका लागि स्वर्ग र ईश्वरप्राप्तिको आशा र आत्माको अमरताको महत्व बुझाउनु जरुरी थियो अनि देशका लागि बलिदान गर्ने सहिदले सहजै स्वर्ग र ईश्वरप्राप्ति गर्दछ भन्ने विश्वास दिलाउनु पर्ने थियो । त्यसैले निबन्धकारले प्रजातन्त्रप्रेमी समुदायलाई राणाशासनको विरुद्धमा अभिमुख गराउन र तत्कालीन सहिदहरूप्रति सम्मान गर्दै उनीहरूको सहादतको औचित्य प्रमाणित गर्न समेत पौरस्त्य दर्शनको प्रभाव ग्रहण गरेको स्पष्ट हुन्छ । यही सेवामूलक भावना र कर्मवादी दृष्टिकोणको प्रेरक र पोषकका रूपमा स्वर्ग, आत्मा र ईश्वरतत्व आएका छन् ।

**वीरहरू निबन्धमा कर्म, बन्धन र मुक्तिसम्बन्धी धारणा**

'वीरहरू' निबन्धमा पौरस्त्य दर्शनले स्थापना गरेका कर्म, बन्धन र मुक्तिसम्बन्धी अवधारणाहरूको प्रभाव रहेको कुरा विभिन्न सन्दर्भबाट प्रस्तुत भएका छन् । मानवसेवा र समाज सेवाजस्ता सत्कर्म गरेमा सांसारिक बन्धनबाट मुक्ति पाउन सम्भव छ भन्ने अवधारणा यस निबन्धमा प्रस्तुत भएको छ । माथि प्रस्तुत गरिएका साक्ष्यहरूमा पनि यस सम्बन्धी चिन्तन प्रस्तुत भएका छन् । यस निबन्धमा कर्म, बन्धन र मुक्ति चेतानाको प्रभाव के कस्तो रहेको छ भन्ने सन्दर्भमा यस निबन्धका केही अंशलाई साक्ष्यका रूपमा तल प्रस्तुत गरिएको छः-

१. अरूहरूले माटो खेती गरे, तिनीहरूले हामीहरूलाई आफू सम्झेर आफूलाई हराइरहेछन् । (पृ. ५८)
२. हामी तिनकै झल्काले बाँचिरहेका छौ, तिनीहरू नजिक हुनु हाम्रो आशाको चरमचुली छ । (पृ. ५८)
३. मृत्यु नै संसारको विशाल त्रास छ, ...नकाँप्नमा हाम्रो जातिलाई विश्वासको स्थिरता छ । (पृ. ५८)
४. वीर भनेको त्यो हो जो आफू सम्झँदैन । कीर्ति पिपासु बत्तीको झिल्के पुतली हो । स्वार्थ नामेट नै वीरता हो । (पृ. ५८)
५. डुब नानी ! गहिराइले अतासिनेहरू मोतीहरूबाट वञ्चित छन् । तर हाय ! एक अनन्तको झिलिमिलिले मलाई यतातिर तान्दछ ! म उठ्नु एक विशाल माया जालबाट मुक्ति पाउनु छ ! कातर आत्मा मान्दैन ! भोलिको पर्सिको होश नहुनु नै मेरो पार्थिकता हो । टाढाको नहुनु नै मेरो अन्धता हो । (पृ. ५९)
६. मेरो स्वार्थले सबै क्षणहरू फुस्रो बनाएको छ तिनका टुनामा ध्वाँसो हालेको हो । (पृ. ५९)
७. म आफ्ना स्वदेशका वीरहरूको नाम सम्झन्छु । मलाई त्यस्तै हुन मन लाग्दो हो । म यो मट्टी धुसर जीवनसँग तिनीहरूलाई हरहमेशा दाँजिरहेको हुँदो हुँ । (पृ. ५९)
८. नेपाली माटोमा किरण त्यहाँ झऱ्यो, बीउ त्यहाँ रोपियो, र सुगन्ध त्यहाँ फुल्यो, जहाँ तिनीहरू जीवनको गुलाबी लाली पोख्तछन्, तिनका बास्नाहरू हावाले दुरतासम्म पुऱ्याएर अरूहरूलाई फुल्नको प्रेरणा दिन्छन् । (पृ. ६०)
९. म अविदितको यात्रामा जान चाहन्छु । स्वर्गको फिलिङ्गो चोर्न चाहन्छु । महको माखा हुनु चाहन्नँ । (पृ. ६०)

साक्ष्य १ मा सामान्य मान्छेले कुनै उपलब्धिपूर्ण काम गर्न सक्तैनन्, त्यसैले उनीहरूको जीवन माटोसरह हुने तर वीरहरूले अन्य प्राणीलाई आफू सम्झेर काम गरेको भाव प्रस्तुत भएको छ । वीरहरूमा त्यागको भावना हुने भएकाले उनीहरू वैयक्तिक स्वार्थमा नडुबी परहितमा लाग्दछन् । समाजमा व्याप्त अन्याय र अत्याचारका विरुद्ध लडेर समाजलाई स्वतन्त्र बनाउनमा वीरहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उनीहरूको कर्म लोककल्याणकारी हुने भएकाले उनीहरू समस्त मानवजातिकै मुक्तिमा समर्पित हुन्छन् भन्ने भाव यसले प्रस्तुत गरेको छ ।

साक्ष्य २ मा कर्म र मुक्ति चेतनासम्बन्धी चिन्तन प्रस्तुत भएको छ । हामी अर्थात् नेपाली जाति अर्थात् मानवजाति

वीरहरूका कर्मका कारण धर्तीमा बाँचिरहेका छौँ र वीरहरूले गरेका कर्म सबैका लागि अनुकरणीय छन् । उनीहरूले देखाएको मार्गमा हिँड्न पाउनु हाम्रो आशाको चरम चुली हो । उनीहरूले सत्कर्मका माध्यमबाट मुक्तिमार्ग देखाएका हुन्छन् । उनीहरूले समाज र देशलाई शोषण, अन्याय, अत्याचार र उत्पीडनबाट बँचाउने कार्य गरेका छन् । उनीहरूका कर्मलाई आफूमा उतार्न सक्नु सामान्य मानिसको विशिष्ट प्राप्ति हो । यसरी यस साक्ष्यमा कर्मवादी र मुक्ति चेतनाप्रतिका निबन्धकारका अवधारणा व्यक्त भएका छन् ।

साक्ष्य ३ मा सामान्य मानिसलाई मृत्युको त्रास रहने र मुक्तिकामीलाई मृत्युभय नहुने मृत्युसम्बन्धी चिन्तन व्यक्त भएको छ । मानवले विश्वास र स्थिरताका साथ कर्म गर्नुपर्छ । साहस, आत्मविश्वास र परोपकारको भावना हुने व्यक्ति कसैका सामु झुक्नु पर्दैन । मृत्युभयका कारण सांसारिक सुखभोगमा लिप्त भएको अवस्थामा कहिल्यै पनि मुक्त हुन नसक्ने भएकाले कर्म नै महत्तम प्राप्ति हो । यसरी यस सन्दर्भले जीवनमा आइपर्ने समस्याहरूको अगाडि घुँडा टेक्नु कायरता हो भन्ने पौरस्त्य दर्शनको सन्दर्भलाई पुष्टि गरेको छ ।

साक्ष्य ४ मा वीरहरू अहंकाररहित, स्वार्थरहित कर्ममा लाग्ने गर्दछन् भन्ने कर्मवादी दृष्टिकोण अभिव्यक्त भएको छ । वीरहरू कीर्ति वा अमरताका लागि सहजै मृत्युवरण गर्न सक्छन् । वीरहरूको स्वार्थनामेट नै वीरता हो । वीरहरू कर्म गर्दा निजी लाभको कर्म गर्दैनन् । संसार मेरो हो, म नै सर्वस्व हुँ भन्ने भावनाले गर्दा मानिस स्वार्थमा फस्ने र जीवनबाट मुक्त हुन नसक्ने तथ्य यसमा प्रस्तुत छ । वीरहरूलाई जन्ममरणका सांसारिक चक्रले कुनै पनि असर नपार्ने सन्दर्भ यसमा प्रस्तुत भएको छ । स्वार्थरहित कर्मका कारण उनीहरू सबैका लागि प्रिय हुन्छन् ।

साक्ष्य ५ मा सांसारिक बन्धन र अज्ञानताका कारण मुक्तिमार्ग अवरुद्ध हुने चिन्तन र मायाजालबाट मुक्तिको कामना गरिएको धारणा प्रस्तुत छ । सांसारिक बन्धन र अज्ञानताका कारण आत्मा मुक्त हुन सक्दैन । माया वा अविद्याले ब्रह्म वा चेतनसत्तामा पर्दा हालिदिनाले मान्छेमा भ्रम उत्पन्न भई उसको मोक्षमार्ग अवरुद्ध हुन्छ भन्ने वेदान्तीय चिन्तनका आधारमा हेर्दा वीरहरूमा वास्ताविकताको चैतन्यबोध भएको छ । मायाकै कारण ईश्वर वा ब्रम्हमा भ्रम उत्पन्न हुने भएकाले मान्छे भौतिक संसारलाई नै सत्य ठानेर इन्द्रिय सुखमा भुल्दछ । मनुष्यले मायातत्वलाई बुझी यो संसारलाई अनित्य र सांसारिक सुखलाई क्षणिक ठानी ब्रम्हतत्वलाई नित्य अजरामर ठान्दछ, तब ऊ मुक्त पनि हुन्छ । प्रकृति, पुरुष, आत्मा, परमात्मा, जीवनजगत्, इन्द्रिय, मन, कर्म, बन्धन, मुक्तिजस्ता तत्व बुझ्न गहिराइमा डुब्नेहरूले मोतीरूपी तत्वज्ञान प्राप्त गरी जीवनमा मुक्तिप्राप्त गर्न सक्ने र ज्ञानको गहिराइमा डुब्न अतासिनेहरूले मुक्ति प्राप्त गर्न नसक्ने धारणा यस साक्ष्यमा प्रस्तुत भएको छ । भौतिक सत्ता र विषय वासनाप्रतिको आसक्तिले भ्रम उत्पन्न हुँदा जीवनको सार्थकताबारे ज्ञान प्राप्त हुँदैन । वास्तवमा जीवनको महत्व नबुझ्नु पार्थिकता र अन्धता हो ।

साक्ष्य ६ मा वैयक्तिक स्वार्थ, इन्द्रियसुख र अज्ञानताका कारण मानवजीवनका हरेक क्षणहरू अर्थहीन र अन्धकारमय हुन्छन् भन्ने तथ्य प्रस्तुत भएको छ । बन्धनका कारण पनि इन्द्रिय नै हुन् । अन्धकार अज्ञानताको सूचक हो । अज्ञानता नै समस्त स्वार्थको जड हो । यही स्वार्थ र अज्ञानताका कारण सांसारिक विषयसुखका भोगीहरूलाई जीवनमा मुक्तिचेतना नहुने र उनीहरूले मुक्ति पनि प्राप्त गर्न नसक्ने विचार यसमा व्यक्त भएको छ । तसर्थ स्वार्थले भरिएको जीवन भोगाइबाट जीवनमा मुक्ति पनि सम्भव छैन ।

साक्ष्य७ मा वीरहरूको जीवन सार्थक रहेकाले उनीहरूले सहजै मुक्ति पाउने तर अज्ञानता एवम् सांसारिक भ्रममा डुब्नेहरूले वीरत्व प्राप्त गर्न नसकेको कुरा प्रस्तुत भएको छ । यहाँ निबन्धकार आफ्नो जीवनलाई अर्थहीन र वीरहरूको जीवनलाई सार्थक जीवन ठान्दै उनीहरूको जीवनसँग आफ्नो जीवनलाई तुलना गर्न पुग्दछन् । वीरहरूले गरेका कर्महरू आफूले पनि गर्न चाहेको कुराबाट निबन्धकार वीरहरूजस्तै मुक्तिमार्गमा हिँड्न चाहेको बुझिन्छ । अतः यस साक्ष्यमा निबन्धकारको मुक्तिचेतनासम्बन्धी चिन्तन वैराग्य भावकेन्द्री नभई लोककल्याणप्रति सतत् क्रियाशील भई सांसारिक

सुखलाई विपरिणामी र लोकोपकारलाई परिणामी देख्ने योग दर्शनकेन्द्री भई आएको छ ।
साक्ष्य ८ मा वीरहरूको कर्मको सुवास चारैतिर फैलिने कुरा व्यक्त भएको छ । नेपाली धर्तीका लागि वीरहरूको अत्यन्त ठुलो त्याग र उपकार रहेको छ । उनिहरूको त्यागबाट नै नेपाली धर्तीले सुवास पाएको छ । अरूलाई समेत फुल्नका लागि प्रेरणा दिने भएकाले उनीहरूका कर्म अनुकरणीय रहेका हुन्छन् । उनीहरूको त्याग र वलिदान भएका सबै ठाउँमा सुन्दरता रहेको तथा उनीहरू कर्मका प्रेरक पनि रहेको सन्दर्भ यसमा आएको छ । वीरहरूको सेवाभाव र कर्मशीलता प्रस्तुत गर्न आएको यस साक्ष्यमा कर्म चिन्तन प्रस्तुत भएको छ ।

साक्ष्य ९ मा सांसारिक विषयसुखमा नअल्झिएर अविदितको यात्रामा लाग्ने र मानवहितका लागि मरिमेट्ने प्रसङ्ग प्रस्तुत भएको छ । अविदितको यात्रा मानवसेवा र धर्तीको कल्याणमा केन्द्रित रहेको छ । मानवजीवनको रहस्यको यात्रा सन्दर्भलाई अविदितको यात्रामा जान चाहने विचारले प्रस्तुत गरेको छ । मिठो वस्तुमा भुलेर सांसारिक हित र उन्नतिका कुराबाट आफूलाई टाढा राख्न नहुने कुरा यस साक्ष्यमा प्रस्तुत छ । संसार भोक्ताहरूका लागि महझैँ स्वादिलो वस्तु हो भने त्यागीहरूका लागि क्षणिक खेल मात्र हो । जुन मानिसले सांसारिक विषयसुख त्याग्न सक्तैन, महको माखाझैँ विषय भोगमा डुबिरहन्छ, त्यो कहिल्यै पनि यस जगत्बाट मुक्त हुन सक्तैन । यसप्रकार यहाँ आएको अविदितको यात्रामा जान चाहेको कुराले जीवनको यात्रा रहस्यवादी भएको र महको माखा हुन नचाहेको कुराले भौतिक वस्तुबाट प्राप्त हुने सुख क्षणिक हुने भएकाले त्यस्तो सुखलाई परित्याग गर्न चाहेको कुरा पुष्टि हुन्छ ।

वीरहरूका सम्पूर्ण कर्म मानवजीवनको कल्याणमा समर्पित हुन्छन् । मानवजातिको उद्धार र कल्याणका लागि उचित कर्म गर्ने हुनाले उनीहरूले सहजै मुक्ति प्राप्त गर्ने ठहर निबन्धकारले गरेका छन् । अमरत्व प्राप्तिका लागि सदैव तत्पर रहने र वैयक्तिक स्वार्थबाट माथि उठेर कर्म गर्ने वीरहरूको मूल मन्त्र नै कर्म हो । उनीहरू कर्मद्वारा मोक्ष वा मुक्ति प्राप्त हुने ठान्दछन् । पौरस्त्य षड्दर्शनले पनि कर्मलाई केन्द्रमा राखेर आफ्ना मान्यताहरूको स्थापना गरेका छन् । कर्मकर्ताले जस्तो कर्म गर्दछ, त्यस्तै फल प्राप्त गर्दछ । वीरहरूले सत्कार्य गर्ने हुँदा उनीहरू शुभ फलका लायक हुन्छन् । निबन्धका विविध प्रसङ्गमा वीरहरूले अँगालेको कर्मको आदर्श पथमा हिँड्न चाहेको सन्दर्भसमेत प्रस्तुत भएकाले निबन्धकारको दृष्टिकोण कर्मवादी रहेको कुरा स्पष्ट हुन्छ । निबन्धकारको यो दृष्टिकोण पूर्वीय दर्शनको कर्मवादी चिन्तनमा आधारित रहेको छ तापनि परम्पराभन्दा भिन्न खालको छ । यसरी निबन्धकार कर्मका माध्यमबाट ईश्वर र स्वर्गप्राप्ति हुने दृढता व्यक्त गर्दछन् ।

भौतिक वस्तुप्रतिको आसक्ति नै बन्धनको मूल कारण हो । सांसारिक मोह बन्धनमा परेकै कारण मानिसले मुक्ति प्राप्त गर्न सक्तैन । क्षणिक सुख र भौतिक वस्तुका मोहमा परेर उचित अनुचित कर्म पहिचान गर्न नसकी अनुचित कर्मका पछि लागेकै कारण मानिस बन्धनबाट मुक्त हुन नसकेको हो । तर वीरहरू स्वार्थनामेट हुने भएकाले उनीहरूमा मुक्तिचेतना प्रबल हुन्छ । उनीहरूलाई यस सांसारिक सुखदुःखले छुँदैन वा सुखदुःखबाट उनीहरू प्रभावित हुँदैनन् । उनीहरू लोककल्याणकारी काम गरेर मुक्त हुन चाहेका हुन्छन् । बाह्य सन्दर्भबाट हेर्दा वीरहरूमा क्रान्तिकारी व्यक्तित्व झल्कन्छ तापनि अन्तर्तहमा पुगेर हेर्दा उनीहरू सांसारिक बन्धन र मोहबाट मुक्त हुन चाहेका छन् । समालोचक त्रिपाठीले यस निबन्धका निबन्धकारको विचारका सन्दर्भमा भन्दछन्- "वीरहरूमा अपरतंत्र पंखफुका मानवात्माको चर्चा गर्दछन् उनी (देवकोटा) । समूच्चा जीवनका निम्ति उनी छट्पटाउँछन् र प्रोमिथियस् जस्ता स्वर्गको फिलिङ्गो चोर्ने प्रथम सहिदको संस्मरण गर्दछन्" (त्रिपाठी, २०२८, पृ. ७५) । निबन्धकारले पौरस्त्य दर्शनका कर्मवादमा टेकेर आफूमा त्याग, समर्पण, बलिदान र निस्वार्थ भावनाजस्ता वीरोचित गुणको अवतरण गराउन चाहेका छन् । आफूमा वीरहरूको व्यक्तित्व आउन नसकेकामा असन्तुष्ट बनेका छन् । यसरी उचित कर्महरूद्वारा मात्र मुक्ति सम्भव हुने र वीरहरूले गरेका कर्म उचित हुने भएकाले निबन्धकार आफू वीर हुन चाहेको धारणा प्रस्तुत गर्दछन् ।

सांसारिक सुख स्वार्थलाई जीवनको सर्वस्व ठानेकै कारण मुक्ति हुन नसक्ने निबन्धकारको धारणा रहेको छ । सांसारिकताप्रतिको

मोह बन्धन हो भने सांसारिक निरर्थकताबोध मुक्तिचेतना हो । आत्मातत्व र कर्मलाई चिन्न नसक्नु सांसारिक बन्धन हो । भग्नावशेषमा पुरिएको शिशुको उद्धार गर्न नसक्नु, लोलुपतामा फस्नु, वीरको ताज लगाउने आत्मबल नहुनु, फोस्रो इज्जतका निम्ति दुनियाँसँग झुटो बोल्नु, सत्तरी रुपियाँको जागिर जाला भनेर डराउनु, समाजको अन्धता खप्नुभन्दा सत्यको घाँटी रेट्न सजिलो लाग्नु, आफ्नो आत्मासँग झुटो बोलेर दुनियासँग सच्चाइ र सच्चरित्रताको दाबा राख्नुजस्ता अभिव्यक्ति सांसारिक बन्धनमा फसेको स्वीकारोक्तिका रुपमा आएका छन् । यसप्रकारको सांसारिक बन्धन नै वीरत्व भाव र मुक्तिचेतनाको बाधक हो । भौतिक वस्तुप्रति आशक्त व्यक्तिहरूलाई सांसारिक बन्धनहरूले घेर्ने हुनाले उनीहरू वीर हुन असम्भव छ । वीर वा ज्ञानी हुन नसके माया वा भ्रममा परिन्छ र मोक्ष वा मुक्तिमार्ग अवरोध हुन्छ । निबन्धकार उपलब्धिविहीन, कर्मविहीन जीवन र भौतिक संसारलाई निरर्थक देखी विषयसुखका लागि महको माखा भएर नटाँसिने धारणा व्यक्त गर्दछन् । आफू अज्ञानताको गर्तमा भासिएको र मातृभूमिको ऋणमा डुबेको चेतनाबोध भएपछि निबन्धकार यसरी भन्दछन्- “छि मलाई बराबर लाग्दछ, यो के जीवन ? माटो मुसारेझैं आँखा बन्द गरेर मुख उघारेझैं सिँगानले र्‍याल धूसरता । यहाँ के छ ? मेरो आत्मा त्यहाँ खोज्छ, केही खँदिलो कुरा जहाँ तिनीहरू बसेका छन्” (देवकोटा, २०२४, पृ. ६०) । कल्याणकारी काम गर्न नसके यहाँ अर्थात् धर्तीमा रहनुको कुनै अर्थ छैन । वीर बन्नु वा वीरोचित कार्य गर्नुमा नै जीवनको सार्थकता भेटिन्छ । यसरी निबन्धकारले कर्म, बन्धन र मुक्तिलाई जीवन सापेक्ष तत्वका रूपमा लिएका छन् ।

**वीरहरू निबन्धमा पौरस्त्य दर्शनको सौन्दर्यात्मक रूपान्तरण पद्धति र शैली**

प्रस्तुत निबन्धमा पौरस्त्य दर्शनको चिन्तन धारालाई सोझै प्रस्तुत नगरी गद्य कवितात्मक शैलीमा आत्मपरक ढङ्गले प्रस्तुत गरिएको छ । दर्शनलाई सहज रूपले निबन्धात्मकता प्रदान गरिएको हुँदा यस निबन्धले काव्यात्मक सौन्दर्य प्राप्त गरेको छ । यस निबन्धमा पौरस्त्य दर्शनका विवेच्य पक्षहरू देवकोटाको स्वच्छन्दतावादी, मानवतावादी, कर्मवादी मूल साहित्यिक चिन्तन धाराको सहकारी भएर प्रस्तुत भएका छन् । यस निबन्धमा पौरस्त्य दर्शनको प्रभाव अध्ययन तथा संस्कारवश परेको हुनाले कुनै एक दर्शन मात्र सापेक्षित नभई षड्दर्शनका आधारभूत स्थापनाको सहज र स्वाभाविक रूपमा प्रयुक्ति भएको छ । यस निबन्धमा निबन्धकारद्वारा वीरहरूको कर्मको प्रशंसा गर्दै उनीहरूप्रति सम्मान भाव राखी आफूमा विरोचित भावको अवतरण गराएर वीरहरूले झैं मुक्तिप्राप्तिका लागि परमेश्वरको चरणमा पुग्ने कुरा अभिव्यञ्जित गरिएको छ ।

देवकोटाको अन्तश्चेतनाको आर्यभावना र हिन्दुसंस्कारले पौरस्त्य दर्शनलाई आधारशिलाका रूपमा ग्रहण गर्दै त्यसको उपयोग आफ्नो मातृभूमि, नेपाली जाति र समग्र मानवजातिको हित र कल्याणमा समर्पित गर्न खोजेको स्पष्ट हुन्छ । देवकोटाले जीवनको अन्तिम क्षणमा व्यक्त गरेका अभिव्यक्तिहरूबाट पनि यो कुरा प्रमाणित हुन्छ- “अब डाक्टरको सल्लाह लिई श्री पशुपतिको शरणमा आर्यतीर्थमा गई बस्न चाहन्छु र मेरो अन्तिम संस्कार हिन्दुसंस्कार होस् । मेरो दुःखी आत्मालाई भोलाबाबाले जहाँ राख्नुहुन्छ, उहीँ राजी रहुँला मेरो मातृभूमि भूस्वर्ग सधैं हराभरा रहून् र नेपाली जाति समुन्नत रहोस्” (देवकोटा, २०६६, पृ. ४०) । यसप्रकार देवकोटा पौरस्त्य दर्शनका आधारशिलामा नै टेकेर आफ्नो जाति र मातृभूमिको उन्नति भएको देख्न चाहन्छन् । उनको वीर बन्ने अभिलाषा पनि यस अभिव्यक्तिसँग सम्बन्धित देखिन्छ । प्रस्तुत निबन्धमा निबन्धकार देवकोटाको ईश्वर, आत्मा, स्वर्ग, कर्म, बन्धन मुक्तिसम्बन्धी चिन्तन जीवनवादी तत्त्वका रूपमा कलात्मक ढङ्गले नै प्रस्तुत भएको छ । कुनै पनि रचनाकारको दार्शनिक चिन्तन सधैंभरि स्थिर र एकनासको नहुन सक्छ र हुनुपर्छ भन्ने पनि छैन । आफ्ना भौतिकवादी दार्शनिक मतहरूका सापेक्षतामा व्याख्या विश्लेषण गर्ने क्रममा देवकोटालाई चिनाउँदा समालोचकहरूले कति न्याय अन्याय गरेका छन् त्यो अध्ययनको विषय नै हो । देवकोटाको पौरस्त्य दर्शनप्रतिको धारणा भने सकारात्मक र सिर्जनात्मक रहेको छ । देवकोटाको कृतिमा दर्शनको प्रभाव र प्रयोगका सन्दर्भमा देवकोटाको पौरस्त्य दर्शनसम्बन्धी धारणाबारे देवकोटाका अन्तिम स्वरहरू नामक कृतिमा पद्मप्रसाद देवकोटा आफ्ना धारणा यसरी व्यक्त गर्दछन्-

आजीवन आफ्ना कृतिहरूमा आत्मा, ईश्वर, स्वर्ग, नरक, धर्म र पापका बारेमा धेरै धारणा व्यक्त गर्दै आउनुभएका

> महाकवि देवकोटालाई कसैले ईश्वरवादी भने त कसैले अनीश्वरवादी भने । मेरो अनुभवमा उहाँले ईश्वर र आत्मालाई ठाडै नकार्नुभएको छैन ...आत्मा र ईश्वरको बारेमा उहाँ सुस्पष्ट हुनुहुन्छ । दृढ विश्वासका साथ आत्मा र ईश्वर दुवै छन् र आत्मा मर्दैन भन्ने कुरालाई उहाँले स्विकार्नुभएको छ । (देवकोटा, २०६६, पृ. झ-ञ) ।

प्रस्तुत निबन्धमा दर्शनलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । निबन्धको शैली पनि कवितात्मक र आलङ्कारिक रहेको छ । आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको यस निबन्धमा वीरहरू तथा दुनियाँ वा हामीहरूको जीवन वास्तविकता प्रस्तुत गरिएको छ । यसमा वीरहरू, दुनियाँ, अरूहरू र म पात्रको प्रयोग गरिएको छ । वीरहरू, दुनियाँ र अरूहरू विषयसन्दर्भ हुन् भने म वक्ता हो । वीरहरूमा आफूलाई आरोपित गरी वीरहरूको माध्यमबाट आफ्नो कुरा कलात्मक ढङ्गले भनिएको यस निबन्धको शैली आकर्षक रहेको छ । रूपक (मट्टीधुसर जीवन, स्वार्थनामेट नै वीरता हो), उपमा (माटो मुसारेभैंm जीवन), अतिशयोक्ति (एकै निमेषभरमा पनि अनन्तको अमृत चाख्यो), स्वभावोक्ति (सत्तरी रुपियाँको जागिर जाला भन्नेमा सत्तरी हजार नसा काँप्तछन्), अनुप्रास, तुल्ययोगिता (उताको अनन्तता यताको बोक्रे झोक्राइमा खेर फाल्नु) जस्ता अलङ्कारहरूको प्रयोगले निबन्धलाई कलात्मक र विशिष्ट बनाएको छ । यसमा दर्शनलाई लाक्षणिक र ध्वन्यात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रवाहपूर्ण भाषिक सङ्गठनले निबन्धलाई श्रुतिमधुर र दार्शनिक चिन्तनलाई बोधगम्य बनाएको छ ।

**निष्कर्ष**

वीरहरू देवकोटाको आत्मनिवेदनका रूपमा लेखिएको निबन्ध हो । देवकोटाले यस निबन्धमा पौरस्त्य दर्शनका आधारभूत पक्षहरूलाई परम्परागत शास्त्रीय एवम् रुढ ढङ्गले प्रयोग नगरी युग, समाज र जीवनसापेक्ष रूपमा ग्रहण गरेको देखिन्छ । समालोचकहरूका माझ अध्यात्मवादी कि भौतिकवादी भन्ने बहसका विषय बनेका देवकोटाको साहित्यिक मान्यता अध्यात्मवादी छ वा भौतिकवादी छ त्यो अध्ययनको विषय छँदै छ तर वीरहरू निबन्धका देवकोटा अध्यात्मवादी छन् । प्रस्तुत निबन्धमा देवकोटाको पौरस्त्य दर्शनप्रतिको अवधारणा जीवनवादी र धर्तीकेन्द्री रहेको छ । यो पौरस्त्य दर्शनबाट प्रभावित परोपकार भावनाले युक्त आध्यात्मिक निबन्ध हो । उनले यस निबन्धमा पौरस्त्य दर्शनलाई मानवजीवन र धर्तीकल्याणको सहकारकका रूपमा लिएका छन् । यसमा भौतिक सुखको चाहना र लिप्सा तथा क्षणिक स्वार्थका कारण वीरत्व प्राप्त गर्न नसकेकाले सांसारिक विषयसुखलाई त्याग्नुपर्ने विचार व्यक्त भएको छ । निबन्धकारले कर्महीन, उपकारहीन र सेवाहीन जीवनको कुनै अर्थ नहुने बताएका छन् । दुनियाँका लागि सत्कार्य गरेर आफ्नो जीवन अर्पण गर्ने वीरहरूको भावनामा आत्मा र ईश्वरीय सत्ताप्रति विश्वास देखिन्छ । वीरहरूमा परोपकारी र लोकहितकारी भावनाबाट प्राप्त आनन्द अनित्य र विपरिणामी भौतिक जगत्भन्दा परको अमृततत्व वा स्वर्ग नै जीवनको चरम प्राप्ति हो भन्ने उक्ति चरितार्थ भएको छ । जीवनजगत् बारेको अज्ञानता, क्षणिक स्वार्थ र सांसारिक सुखभोगको अभिलाषाले मुक्तिमार्ग अवरोध हुन्छ । जीवन र मृत्युका चक्रमा अज्ञानतामा फसेर मान्छेले सत्कर्मबाट आफूलाई वञ्चित गराइरहेको छ । वीरहरूका प्रेरणा र कर्म मोक्षका पथ हुन् । मायाजालबाट मुक्त भई ईश्वरीय परम पदको प्राप्ति नै जीवनको लक्ष्य हो भन्ने चिन्तन धारालाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

देवकोटाले यस निबन्धमा ऐहिक सुख र स्वार्थमा डुबेमा परमेश्वरको पदमा पुग्न नसकिने कुरालाई प्रस्तुत गरेका छन् । पौरस्त्य दर्शनले पनि यही सांसारिक सुखप्रतिको उत्कट अभिलाषा एवम् जीवन र जगत्को बारेमा अज्ञानताका कारण मोक्षमार्ग अवरोध हुने तर्क प्रस्तुत गरेकाले उनलाई कर्महीन, सेवाहीन, उपकारहीन जीवन अस्वीकार्य लाग्दछ । उनी सांसारिक सुख स्वार्थमा नअलमलिई अविदितको यात्रा वा रहस्यमय यात्रामा जान चाहेका छन् । सम्पूर्ण कुराको बाधक महजस्तो मिठो सांसारिक सुखभोग रहेछ भन्ने चैतन्यबोध भएपश्चात् निबन्धकारको अज्ञानताबाट ज्ञानतर्फ, अविद्याबाट विद्या तथा मृत्युबाट अमरत्वतर्फको यात्रारम्भ हुन्छ । यसरी व्यञ्जनाका तहमा पुगेर हेर्दा पौरस्त्य दर्शन वीरहरूका कर्म र प्रेरणाका साक्ष्यमा जीवनलाई सार्थक तुल्याई मुक्तिप्राप्तिको बाटोमा अग्रसर हुने चाहेको कुरा स्वच्छन्दतावादी मानवतावादी भावधाराको सहकारक भएर प्रस्तुत भएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, रविलाल (२०६६). *गद्यकारका रूपमा देवकोटा.* पोखरा : अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान ।

गिरी, रामानन्द (२०५५). *जनक दर्शन.* (अनु.). रामहरि तिमल्सिना. सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

त्रिपाठी, वासुदेव (२०२८). *विचरण.* काठमाडौँ : भानु प्रकाशन ।

देवकोटा, पद्मप्रसाद (२०५६). *महाकवि देवकोटाका अन्तिम स्वरहरू.* काठमाडौँ : दोभान प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०२४). *लक्ष्मीनिबन्ध सङ्ग्रह.* (५औँ. सं.) काठमाडौँ : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५५). *देवकोटा.* (ते.सं.). काठमाडौँ : साझा प्रकाशन ।

बराल, ईश्वर (सम्पा.). (२०५५). *षड्दर्शन, नेपाली साहित्य कोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, चित्तधर (१९९०). *भारतीय दर्शन आलोचना और अनुशीलन.* दिल्ली : मोतीलाल बनारसीदास ।

सक्सेना, प्रवेश (२०६१). *भारतीय दर्शनहरूमा के छ ?* (अनु.) अर्जुनदेव शर्मा. काठमाडौँ : परिवेश प्रकाशन ।